## प्रेस विज्ञप्ति

**उत्पादनशील कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन सम्बन्धमा ।**

पूँजी बजारमा मुख्यतः वास्तविक क्षेत्रका कम्पनीहरुको सहभागिता रहेमा मात्र पूँजी बजारले देशको आर्थिक स्थिति यर्थाथ रुपमा प्रतिविम्वित गर्न सक्छ भन्ने मान्यता तथा लगानीकर्ताहरुलाई लगानीको विविधीकरण गर्न समेत अवसर प्राप्त हुने हुँदा अन्य क्षेत्रका कम्पनीहरु खास गरी वास्तविक क्षेत्रका कम्पनीहरुलाई पूँजी बजार मार्फत पूँजी परिचालन गर्न आकर्षित गर्न नेपाल सरकार तथा यस बोर्डबाट प्रोत्साहनमूलक नीति अपनाएको सन्दर्भमा नेपाल सरकारले बजेट मार्फत धितोपत्र बजारमा सूचिकृत हुने उत्पादनशील क्षेत्रका कम्पनीलाई करमा विशेष छुट दिने व्यवस्था गरेको र बोर्डले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लागु गरी प्रिमियमसहितको मूल्यमा सार्वजनिक निष्काशन गर्न सकिने र जारी पूँजीको न्यूनतम १० प्रतिशतमात्र सार्वजनिक निष्काशन गरे पुग्ने लगायतका सुधारहरु गरेको छ ।

यसै अनुरुप पहिलो उत्पादनशील कम्पनीको रुपमा प्रति दिन ३००० टन उत्पादन क्षमता रहेको शिवम् सिमेन्टस् लिमिटेडले आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि २ प्रतिशतले ८,८०,००० कित्ता तथा सर्वसाधारणका लागि १० प्रतिशतले ४४,००,००० कित्ता गरी कुल ५२,८०,००० कित्ता साधारण शेयर निष्काशनका गर्न अनुमतिका लागि बोर्डमा निवेदन दिएकोमा इक्रा नेपाल लिमिटेडले क्रेडिट रेटिङ्ग ग्रेड ३+ प्रदान गरेको र सार्वजनिक निष्काशन गरिने सम्पूर्ण शेयर प्रत्याभूति गरिएको उक्त कम्पनीलाई बोर्डले आयोजना प्रभावित क्षेत्रका बासिन्दा र सर्वसाधारणका लागि प्रिमियम सहित क्रमशः प्रति शेयर रु.३००।- र रु.४००।- दरले प्रारम्भिक सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरेको छ ।

शिवम् सिमेन्टस् लि.को प्रारम्भिक सार्वजनिक निष्काशनबाट उत्पादनशील क्षेत्रका कम्पनीहरु समेत सार्वजनिक निष्काशनमार्फत पूँजी परिचालन गर्न उत्प्रेरित हुने र यसबाट बजारमा उत्पादनशील कम्पनीहरुको प्रभुत्व क्रमशः बढदै जाने बोर्डको विश्वास रहेको छ ।

मिति:२०७५।०३।०७

प्रवक्ता